बैठक सङ्ख्या -३

आज मिति २०८१ साल असोज २० गतेका दिन यस साकेला गाउँपालिका अध्यक्ष श्री रविप्रकाश राईको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा निम्न प्रस्ताव तथा कार्यसूची उपर छलफल गरि निर्णय पारित गरियो।

उपस्थिति:-

१, गाउँपालिका अध्यक्ष श्री रविप्रकाश राई
२, गाउँपालिका उपाध्यक्ष श्री बिर्सिका राई
३, १ नम्बर वडाअध्यक्ष श्री हेमन राई
४. २ नम्बर वडाअध्यक्ष श्री जितेन्द्र कुमार राई
५, ३ नम्बर वडाअध्यक्ष श्री गोविन्द लामाङ
६. ४ नम्बर वडाअध्यक्ष श्री अर्जुनकुमार कटवाल अनुपस्थित
७. ५ नम्बर वडाअध्यक्ष श्री जीवन खत्री
८, कार्यपालिका सदस्य श्री मनकुमारी राई अनुपस्थित
९, —"— श्री सुजता वि.क.
१०, —"— श्री भगवती वि.क.
११, —"— श्री सर्मिला कट्टेल
१२. —"— श्री दिपक सुनार
१३. —"— श्री नर बहादुर दर्जी
१४, सदस्य सचिव श्री महेश राई (प्र.प्र.अ.)

आमन्त्रित सदस्यहरु:-

१, MIS operator श्री डिल्लीमान राई
२, सूचना प्रविधि अधिकृत श्री स्रोती राई
३, सामाजिक विकास अधिकृत श्री दुर्गा बहादुर राई
४, कार्यालय सहयोगी श्री राजन खड्का

प्रस्ताव तथा कार्यसूचीहरु:-

१, नगर/गाउँ प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८१ सम्बन्धमा।
२, विभिन्न कार्यविधि संशोधन सम्बन्धमा।
३, ~~विविध सम्बन्धमा।~~ सामाजिक सुरक्षा भत्ता भुक्तानी विधि सम्बन्धमा
४, विविध सम्बन्धमा।

निर्णयहरु :-

प्रस्ताव नम्बर १ माथी छलफल गर्दा सार्वजनिक सम्पत्तीको सुरक्षा र संरक्षण गर्ने, विपद व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना लगायत अनाधिकृत निर्माण एवम् सार्वजनिक सम्पती अतिक्रमण, रोकथाम र नियन्त्रण गर्न प्रतिस्पर्धाको आधारमा सेवा करारमा नगर/गाउँ प्रहरी नियुक्ती गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा (२) ख(३)(क) मा व्यवस्था भएका कार्यक्रमहरुमा सहयोग पुर्‍याउने उद्देश्यका साथ तयार गरिएको साकेला गाउँपालिकामा नगर प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०७५ लाई सर्वसहमतीद्वारा पारित गर्ने निर्णय गरियो। कार्यविधि साकेला गाउँपालिकाको वेवसाइटमा उल्लेख गरिए बमोजिम हुनेछ।

प्रस्ताव नम्बर २ माथी छलफल गर्दा साकेला गाउँपालिकाबाट तयार भएको एम्बुलेन्स सञ्चालन सम्बन्धी कार्यविधिलाई आवश्यकताको आधारमा संशोधन तथा थप गर्नुपर्ने बुँदाहरुको सन्दर्भमा तपसिल अनुसार भई जाने सर्वसम्मतीद्वारा निर्णय पारित गरियो। साथै साकेला गाउँपालिका द्वारा सञ्चालित एम्बुलेन्स प्रयोग गरेबापतको सेवा शुल्क अनुसूची-१ मा भए अनुसार हुनेगरी संशोधन गरिएको छ।

क. साकेलावासी नागरिकको हकमा- सेवाशुल्क :-

साकेलादेखी दिक्तेलसम्म - रु. ६५००।-
साकेलादेखी काठमाडौं सम्म - रु. २२०००।-
साकेलादेखी धरान, विराटनगर - रु. २२०००।-

साथै, गर्भवती महिला र नवजात शिशुलाई स्वास्थ्यमा गम्भीर समस्या भई थप उपचारका लागि सुविधा सम्पन्न अस्पतालमा जान स्थानीय स्वास्थ्य संस्थाहरुबाट प्रेषण भएमा सो अस्पताल सम्म लैजानको लागि मान्यताप्राप्त चिकित्सकको सिफारिसको आधारमा त्यस्ता बिरामीहरुलाई मात्र निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ। यदि स्वास्थ्य संस्थामा भर्ना नभई घरमै सुत्केरी गराएको कारण थप उपचारका लागि स्थानीय तथा सुविधा सम्पन्न अस्पतालमा बिरामी लैजानु परेको अवस्थामा एम्बुलेन्स सञ्चालन सम्बन्धी कार्यविधिको अनुसूची-१ मा उल्लेख गरिए अनुसारको भाडादर शुल्क बिरामीले बुझाउनुपर्नेछ।

प्रस्ताव नम्बर ३ को विविधमाथी छलफल गर्दा यस साकेला गाउँपालिकाको कार्यालय अन्तर्गत दरबन्दी अनुसारको कर्मचारीको अभाव भई नियमित प्रशासनिक कार्यसम्पादनमा समस्या भएको हुँदा पूर्ति हुन बाँकी पदहरूमध्ये प्रशासन सेवा, सामान्य प्रशासन समूह, सहायकस्तर पाँचौं तहको (१) एक जना कर्मचारी पूर्ति गर्नका लागि प्रदेश लोकसेवा आयोगमा मागपत्र पठाउने निर्णय गरियो।

प्रस्ताव नम्बर ३ को विविधमाथी छलफल गर्दा साकेला गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट २०८१/०८२ को बुँदा नम्बर २८ लाई कार्यान्वयन गर्न (बसाइँसराइँ गरी आएमा) तयार गरिएको मापदण्ड तपशिल बमोजिम हुने निर्णय पारित गरियो।

तपशिल:-

क. बसाईसरी आउने परिवारको स्थायी ठेगाना र विवरण खुल्ने प्रमाण
ख. बसाईसरी आएको ठेगानामा घरमूलीको जग्गा खुल्ने जग्गाधनी-पूर्जा।
ग. वडामा स्थायी प्रकृतिको बसोबास भएको वडाध्यक्षद्वारा प्रमाणित भएको सिफारिस।
घ. बसाईसरी आएपछि जिल्ला प्रशासन कार्यालयबाट जारी भएको नेपाली नागरिकताको प्रमाणपत्र।
ङ) साविक साकेला गाउँपालिकाको ठेगाना भई अन्यत्र स्थानमा बसाईसराई गरी गएको तर विविध कारणबाट पुन: साकेला गाउँपालिकामा बसाईसरी आउने भएमा सरी आएको ठेगानामा (पुरानो ठेगाना)मा कम्तीमा ५ (पाँच) वर्ष बसोबास भएको हुनुपर्नेछ।
च. उक्त सुविधा लिन घरमूली वा सूचक स्वयम आफै निवेदनका साथ उपस्थित हुनुपर्नेछ भने सूचकको नाममा बैंक खाता सञ्चालन भएको हुनुपर्नेछ।
छ. उक्त मापदण्ड पुरा भएको अवस्थामा वडा कार्यालयले गरेको सिफारिसको आधारमा गाउँपालिकाले सुविधा उपलब्ध गराउन बाधा पर्ने छैन।

प्रस्ताव नम्बर ३ को विविधमाथीको विविधमा छलफल गर्दा यस साकेला गाउँपालिकाको वडा नम्बर ४ मा लामो समयदेखी वडाका

वडा अध्यक्ष श्री अर्जुनकुमार कटवाल वडा भन्दा बाहिर जानु भएको र निज वडा अध्यक्षको अनुपस्थितिमा वडाबाट कार्यसम्पादन गर्नुपर्ने विभिन्न प्रकारका सार्वजनिक सेवा प्रवाह, विकास निर्माण, लगायत वडाबाट निर्माण गर्नुपर्ने नीति, नियम, निर्माण कार्यमा समेत समस्या भई सेवाग्राहीले दु:ख पाइरहेको र नीज वडाअध्यक्षको अनुपस्थितिमा कानून बमोजिम सेवा प्रवाहलाई निरन्तरता दिनको लागि मिति २०८१ साल साउन १६ गतेको कार्यपालिका बैठकले २०८१/०४/३२ र २०८१/०५/०४ को कार्यपालिका बैठकले निर्णयगरी २०८१/०५/२० गते सम्मको लागि वडा सदस्य श्री भीमबहादुर खड्कालाई कार्यवाहक वडाअध्यक्षको जिम्मेवारी प्रदान गर्ने निर्णय गरिएकोमा सो म्याद समेत सकिएको हुँदा पुन २०८१/०५/२३ गते देखीलागु हुनेगरी थप १ (एक) महिना सम्मको लागि सो वडाका जेष्ठ वडा सदस्य श्री भीमबहादुर खड्कालाई कार्यवाहक वडा अध्यक्ष तोक्ने निर्णय सर्वसहमतिद्वारा पारित गरियो।

प्रस्ताव नम्बर ३ माथी छलफल गर्दा सबै प्रकारको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई लक्षित गरी नेपाल एसबिआई बैंक र साबेला गाउँपालिकाको संयुक्त आयोजनामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई वडा-वडामा पुगेर सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्ने प्रयोजनका लागि विगत आर्थिक वर्षहरुमा जस्तै यस आ.व. २०८१/०८२ को प्रथम, दोस्रो र तेस्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता भुक्तानी शिविर आयोजना गरी वितरण गरिनेछ। यस आ.व.को प्रथम त्रैमासिक भत्ता असोजको दोस्रो हप्ता, दोस्रो त्रैमासिक भत्ता पौषको दोस्रो हप्ता र तेस्रो त्रैमासिक भत्ता चैत्रको अन्तिम हप्ता प्रत्येक वडा र वडानम्बर १को तीन वटा स्थानमा भुक्तानी शिविर संचालन गरिनेछ। शिविरकालागि पालिका कर्मचारी, प्रहरी र बैंकको प्रतिनिधि सहभागी हुने र शिविरमा हुने सम्पूर्ण खर्च गाउँपालिकाको तर्फबाट व्यहोर्ने सर्वसहमतीबाट निर्णय गर्दै थप निर्णय गर्नुपर्ने अन्य विषय केही नभएकाले आजको पालिका अध्यक्ष श्री रवि प्रकाश राईका आजको बैठक यही समापन गर्ने निर्णय गरियो।